# विदेश भ्रमणमा जाँदा अनपेक्षित मोबाइल डेटा सेवा शुल्कबारे जानी राख्नुहोस्

आजकल धेरै भन्दा धेरै ग्राहकहरू विदेश भ्रमण गर्दा मोबाइल डेटा रोमिङ सेवा प्रयोग गर्ने गर्दछन्। घरेलु दर भन्दा रोमिङ दर धेरै बढी हुने भएकोले, डेटा रोमिङ सेवाबारे थाहा नभइ प्रयोग गर्दा ग्राहकहरूले अत्याधिक रोमिङ शुल्क तिर्नु पर्ने हुनसक्छ। चाँडै यो चिन्ताको विषय बनेको छ।

आफ्ना मोबाइल सेवा प्रदायकहरूसित अनावश्यक बिल सम्बन्धी विवादबाट तथा आर्थिक क्षतिबाट ग्राहकहरूलाई बचाउने उद्देश्यले, मोबाइल डेटा रोमिङ सेवाको बुद्धिमानी प्रयोगबारे जनसाधरणलाई जानकारी दिने उद्देश्यले हामी यस ग्राहक सतर्कता जारी गर्न लागिरहेछौं।

## *विदेश भ्रमणमा मोबाइल डेटा सेवाको प्रयोग*

### *मोबाइल डेटा सेवा कसरी सक्रिय हुन्छ?*

सामान्यतया, वेब ब्राउजिङ गर्दा अथवा आफ्नो मोबाइल ह्यान्डसेटमा केही सफ्टवेयरको प्रयोग गर्दा मोबाइल डेटा सेवा (स्थानीय तथा रोमिङ सेवा दुवैका लागि) सक्रिय हुनसक्छ। उदाहरणहरूमा इमेल पठाउने वा प्राप्त गर्ने, तत्काल सन्देश प्रयोग गर्ने, सोशल नेटवर्किङ वेबसाइटहरू प्रयोग गर्ने वा भिडियो स्ट्रिमिङ वेबसाइटहरू प्रयोग गर्ने कुराहरू पर्दछन्। यदि तपाईंले हंगकंग बाहिर मोबाइल डेटा मोडेम जडित नोटबुक कम्प्युटर प्रयोग गर्नु भयो भने पनि मोबाइल डेटा रोमिङ सेवा सक्रिय हुनसक्छ।

## *अनपेक्षित मोबाइल डेटा रोमिङ शुल्कबाट बच्ने उपायहरू*

अनपेक्षित मोबाइल डेटा रोमिङ शुल्कबाट बच्न, यदि विदेश भ्रमण गर्दा मोबाइल डेटा रोमिङ सेवा प्रयोग गर्नु पर्ने भएमा तपाईंलाई निम्न उपायहरू अपनाउने सुझाव गरिन्छ:-

### *सामान्य सुझाव*

- तपाईंले हंगकंग छाड्नु भन्दा पहिला, कृपया आफ्नो मोबाइल सेवा प्रदायकको वेबसाइट हेर्नुहोस् अथवा उनीहरूको ग्राहक सेवा केन्द्रमा सम्पर्क गरेर निम्न कुराहरूबारे जानकारी प्राप्त गर्नुहोस्:
    1. तपाईं जाने गन्तव्य स्थलमा मोबाइल डेटा सेवाको उपलब्धता;
    2. तपाईं जाने गन्तव्य स्थलमा उपलब्ध रोमिङ पार्टनरहरू
        - अलग अलग रोमिङ पार्टनरहरूको अलग अलग सेवा शुल्क हुने भएकोले, तपाईंले आफूलाई उपयुक्त नेटवर्क रोज्न सक्नुहुन्छ
        - तपाईं सदा आफूले रोजेको नेटवर्कमा मात्र लग गर्न नभुल्नुहोला, नत्र भने अतिरिक्त शुल्क लाग्न सक्छ;

3. शुल्क लगाउने विधि तथा संलग्न शुल्कहरू

- मोबाइल डेटा रोमिङ सेवाको शुल्क मासिक, दैनिक वा खपतको आधारमा लगाइन्छ।

- अनावश्यक मोबाइल डेटा सेवा शुल्कहरूबाट बच्नलाई हंगकंगबाट बाहिर जानु भन्दा पहिला इमेल, रियलि सिम्पल सिन्डिकेट (“RSS”), पोडकास्ट तथा अन्य सफ्टवेयरहरू (सामान्य रूपमा “एप्स” भनिने) को अटोम्याटिक अपडेट हुने कार्य बन्द गर्नुहोस्।

- तपाईंले डेटा सेवाका लागि आफ्नो मोबाइल सिम कार्ड बद्लेर तपाईं जाने गन्तव्य स्थलको स्थानीय प्रिपेड सिम कार्ड प्रयोग गर्ने विषयमा पनि सोच्न सक्नुहुन्छ। यसबाट डेटा सेवा शुल्कलाई प्रिपेड सिम कार्डको मूल्य अनुसारको सीमा भित्र राख्न सहयोग पुग्छ।

***असीमित डेटा प्रयोग सेवा योजना***

केही मोबाइल सेवा प्रदायकहरूले कुनै कुनै गन्तव्य स्थलहरूका लागि ग्राहकहरूलाई असीमित डेटा प्रयोग गर्न डे पास अर्थात एउटा फ्ल्याट-रेट डेटा रोमिङ दैनिक प्लान (सामान्यतया प्रति दिन HK$200 भन्दा कम) उपलब्ध गर्ने गर्दछन्। तपाईंले याद राख्नुपर्छ यी धरैजसो असीमित डेटा प्रयोग प्याकेजहरू (अथवा सहुलियत दरहरू) ***निर्धारित गन्तव्य स्थल(हरू) र/वा नेटवर्क(हरू)मा मात्र लागु हुन्छ।*** यसर्थ, तपाईंले किन्नुभएको दैनिक पास तपाईंको गन्तव्य स्थलमा लागु हुन्छ भनेर सुनिश्चित गर्नुपर्छ र गन्तव्य स्थलमा तपाईं सदा निर्धारित नेटवर्कमा मात्र लग गर्नुपर्छ। नत्र भने, उच्चतम स्तरको नियमित डेटा रोमिङ शुल्कहरू नै लागु हुनेछ।

यसको अतिरक्त, यदि तपाईंको ह्यान्डसेट “अटोम्याटिक” नेटवर्क सेलेक्शन गर्ने गरि कन्फिगर गरिएको छ भने, तपाईंलाई “नेटवर्क स्वीचिङ” को समस्या पर्नसक्छ। जडान गरिएको नेटवर्कको सिग्नल कमजोर हुन गएमा यसो हुनसक्छ। तपाईंको ह्यान्डसेट त्यसपछि सिग्नल बलियो भएको अन्य गैर-निर्धारित नेटवर्कमा जडान हुनेछ। यस्ता खाले “नेटवर्क स्वीचिङ” को कारणले उत्पन्न हुने अतिरिक्त डेटा रोमिङ शुल्कहरूबाट बच्न, तपाईंले आफ्नो ह्यान्डसेटलाई म्यानुअल नेटवर्क सेलेक्शन गर्ने गरि कन्फिगर गर्नुपर्छ जसद्वारा तपाईंको निर्धारित नेटवर्कमा मात्र जडान सीमित रहन सक्छ। म्यानुअल नेटवर्क सेलेक्शन विधि विभिन्न ह्यान्डसेट मोडलहरूमा फरक फरक हुनसक्छ। सामान्यतया, तपाईंले निम्न चरणहरू पूरा गर्न सक्नु हुन्छ:

1. “सेटिङ” मेन्युमा जानुहोस्।
2. “ओपरेटर” वा “नेटवर्क” सब मेन्यु रोज्नुहोस्।
3. आफ्नो निर्धारित नेटवर्क रोज्नलाई ‘म्यानुअल नेटवर्क’ रोज्नुहोस्।
4. आफ्नो मोबाइल फोनमा निर्धारित नेटवर्क सेलेक्शन सेभ गर्नुहोस्।
5. तपाईं आफ्नो निर्धारित नेटवर्कमा सफलतापूर्वक लग गर्नु भएको सुनिश्चित गर्नुहोस्।

यदि तपाईं डे पास प्रयोग गर्न चाहने भए, तपाईंलाई सर्भिस एक्टिभेशन तथा कट अफ टाइमबारे थाहा हुनुपर्छ। सामान्यतया, गन्तव्य स्थलमा पुगेपछि एउटा छोटो सन्देशको माध्यमबाट ग्राहकले पुष्टि गरेपछि मात्र सेवा

सक्रिय हुन्छ। तसर्थ सेवा तुरन्तै चालु हुन्छ वा केही समय पछि हुन्छ भनेर तपाईंले आफ्नो सेवा प्रदायकसँग पुष्टि गर्दा यसबारे बुझ्नुपर्छ।

"एक दिन" को अर्थ पनि फरक फरक हुनसक्छ। हंगकंगको अथवा गन्तव्य स्थलको स्थानीय समय (00:00 – 23:59) को आधारमा "एक दिन" को गणना गरिन सक्छ। दैनिक शुल्कहरू पनि प्रति गन्तव्य स्थलको आधारमा गणना गरिन सक्छ। उदाहरणको लागि, यदि तपाईँले युनाइटेड किङ्डममा बिहानको समयमा मोबाइल डेटा सेवा प्रयोग गर्नुभयो, र अपराह्न फ्रान्स जानुभयो भने, एकै दिनमा दुईवटा राष्ट्रको भ्रमण गर्दा तपाईंलाई दोबर शुल्क लाग्नेछ। अनावश्यक विवादबाट बच्नलाई, शुल्कहरूको गणना कसरी हुन्छ भनेर तपाईंले आफ्नो सेवा प्रदायकसित बुझ्नुपर्छ।

## *विदेश भ्रमण गर्दा मोबाइल डेटा रोमिङ सेवाको आवश्यकता नपर्ने*

यदि विदेश भ्रमण गर्दा तपाईंलाई मोबाइल डेटा रोमिङ सेवाको आवश्यकता पर्दैन जस्तो लागेमा, तपाईंले निम्न मध्ये कुनैपनि तरिकाबाट मोबाइल डेटा रोमिङ सेवा निष्क्रिय गर्न सक्नुहुन्छ:-

- आफ्नो मोबाइल डेटा सेवाको रोमिङ सुविधा निष्क्रिय गर्नलाई आफ्नो सेवा प्रदायकलाई अनुरोध गर्नुहोस्। ध्वनि कल सेवाका लागि आफ्नो रोमिङ सुविधा यथावत् राखेर पनि यसो गर्न सकिन्छ;
- केही मोबाइल सेवा प्रदायकहरूले कुनैपनि समयमा मोबाइल डेटा सेवा चालु गर्न/बन्द गर्न सक्ने गरि छोटो कोडहरू जोडी सेट गरेका हुन्छन्। तपाईं विदेश भ्रमणमा जाँदा अस्थायी रूपमा मोबाइल डेटा सेवा बन्द गर्न पनि सक्नुहुन्छ। यदि छोटो कोडहरू उपलब्ध नभएमा, धेरैजसो सेवा प्रदायकहरूले ध्वनि रोमिङ सेवा यथावत् राख्दै, अस्थायी रूपमा मोबाइल डेटा सेवा बन्द गर्न ग्राहकको अनुरोध पूरा गर्न राजी हुन्छन्; तथा
- हंगकंग बाहिर रोमिङमा हुँदा डेटा सेवा असक्षम गर्न आफ्नो ह्यान्डसेट कन्फिगर गर्नुहोस् (कृपया ध्यान दिनुहोस् यो विशेषता कुनै कुनै ह्यान्डसेट मोडलहरूमा मात्र उपलब्ध हुन्छ)।

सामान्यतया, अनावश्यक आर्थिक क्षति तथा बिल सम्बन्धी विवादबाट बच्नलाई, तपाईंले सेवाबारे विस्तृत विवरण तथा शुल्क योजनाहरूबारे ध्यानपूर्वक सोधपुछ गर्नुपर्छ, तथा मोबाइल डेटा रोमिङ सेवाको सुविधा लिनुभन्दा पहिला सेवा शर्त तथा नियमहरू पढ्नुपर्छ। कुनै पनि सन्देह भएमा, कृपया हंगकंगबाट बाहिर जानुभन्दा पहिला आफ्नो मोबाइल सेवा प्रदायकसँग सहायताको लागि सम्पर्क गर्नुहोस्।

**सञ्चार प्राधिकरण कार्यालय**
**1 अप्रेल 2012**